आज मिति २०८१ श्रावण ०८ गते मंगलबार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा** ज्यूको अध्यक्षतामा बसेको बैठकको उपस्थिति तपसिल बमोजिम रह्यो ।

<u>तपसिल</u>

| क्र. सं. | नम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री भिमकान्त भण्डारी | सदस्य सचिव | |
| | **अन्य उपस्थिति** | | |
| १५ | खडक बोहरा | सहायक पाचौं(प्रशासन) | |
| १६ | वीरेन्द्र सिं वोहरा | एम.आई.एस.अपरेटर | |
| १७ | रन्जना चनारा | उद्यम विकास सहजकर्ता | |
| | | | |

गिरिकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
२०८१/०४/०८

**प्रस्तावहरु :**

१. आ.व. ०८०।८१ को कार्य प्रगति, समिक्षा एवं अनुमोदन सम्बन्धमा ।

२. योजना सम्झौता सम्बन्धमा ।

३. करार कर्मचारी नियुक्ति सम्बन्धमा ।

४. सहायक स्तर पाँचौ तह हेल्थ असिष्टेन्ट पदमा कार्यरत **श्री सोनाम छेटे घले** को स्तर वृद्धि सम्बन्धमा ।

५. करार सम्झौताको म्याद थप सम्बन्धमा ।

६. आ.व. २०७९।८० गाउँपालिकाका उपाध्यक्ष **श्री मेङ्मर फून्चो लामा** को नाममा रहेको वेरुजु रकम फछ्यौट गर्ने सम्बन्धमा ।

७. बीमाको रकम भुक्तानी सम्बन्धमा ।

८. विधुत जडानको भुक्तानी दिने सम्बन्धमा ।

९. प्राविधिक कार्यको दररेट निर्धारण गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर दफावार छलफल गर्दा गत आर्थिक वर्ष ०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम अनुसार तय गरिएका भौतिक, प्रशासनिक एवं नीतिगत कार्यहरु सन्तोषजनक रहेको र तत्सम्बन्धी सम्पूर्ण कार्यहरु कानुनत सञ्चालन एवं व्यवस्थापन गर्न विनियोजित वार्षिक वजेट मितव्ययी रुपमा यस नार्पा भूमि गाउँपालिकाका पाँच वटै वडाहरुमा खर्च भई लक्ष्य अनुरुपको प्रगति हासिल भई जनताका अधिकांश आकांक्षा सम्बोधन भएको पाइएको हुदाँ ग.त. आ.व. मा भएका सम्पूर्ण पूँजिगत तथा चालु खर्चको अनुमोदन गर्ने निर्णय गरियो । साथै यस आ.व.मा थप जनसरोकारका विषयमा प्रत्यक्ष एवं परोक्ष रुपमा प्रभाव पार्ने विषयहरुलाई प्राथमिकताकासाथ अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर दफावार छलफल गर्दा आर्थिक वर्ष २०८१।८२ मा यस गाउँपालिका वाट वार्षिक वजेटमा स्वीकृत आयोजनाहरुलाई भौगोलिक जटिलताका कारण कार्यसम्पादनलाई प्रभावकारी रुपमा अगाडि वढाउन विगता वर्षहरुको कार्यप्रगतिलाई मूल आधार मानि यस आर्थिक वर्षमा समयमै योजना सम्झौता गरि योजनाहरुको कार्यानोयन तदारुकताकासाथ अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर दफावार छलफल गर्दा गाउँपालिकाको विकास निर्माण तथा प्रशासनिक कार्यसम्पादनलाई थप उत्तरदायी र प्रभावकारी वनाउन यस नार्पा भूमि गाउँपालिकामा थप जनशक्ति आवश्यकता परेको हुदाँ तपसिल बमोजिमका पदमा करार सेवामा पदपूर्ति गर्न

२०८१/०४/०८

गिरिकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रचलित ऐन, नियम अनुसार १५ दिनको सूचना प्रकाशन गरी आवश्यक प्रक्रिया अगाडी बढाई नियुक्ति गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | पद | कार्यालय | कैफियत |
|---|---|---|---|
| १ | स्काभेटर चालक | नार्पा भूमि गा.पा., च्याँखु मनाङ । | करार |
| २ | कार्यालय सहयोगी | नार्पा भूमि गा.पा., च्याँखु मनाङ । | करार |
| ३ | कार्यालय सहयोगी | नार गाउँ लघु जलविद्युत, नार गाउँ वडा नं. १ | करार |
| ४ | कार्यालय सहयोगी | फू गाउँ लघु जलविद्युत, फू गाउँ वडा नं. ५ | करार |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नार्पा भूमि गाउँपालिका नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह, सहायक स्तर पाँचौ तह, हेल्थ असिष्टेन्ट पदमा कार्यरत **श्री सोनाम छेटे घले** ले गाउँपालिका समक्ष पेश गर्नुभएको स्तरबृद्धिको निवेदन माथि कार्वाही गर्दा गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा २, ३ र ८ मा भएको व्यवस्था, गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कर्यालयको मिति :२०८१।०२।२९ को चालानी नं. २१५० समेताको आधारमा निजले पेश गर्नु भएको कागजातहरुको अध्ययन गरी निज **श्री सोनाम छेटे घले** सहायक पाँचौ, हेल्थ असिष्टेन्टको पदवाट अधिकृत स्तर छैठौं तह, जनस्वास्थ्य निरीक्षकको पदमा तहवृद्धि हुनको लागि योग्य रहेको तथा यस गाउँपालिकामा स्वास्थ्य शाखामा छैठौं तहमा स्वीकृत दरबन्दी समेत कायम रहेको हुदाँ निजलाई अधिकृतस्तर छैठौं तह, **जनस्वास्थ्य निरीक्षक पदमा तहवृद्धि** गर्ने निर्णय गरियो ।

भिमकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर दफावार छलफल गर्दा आ.व. २०८१।०८२ का लागि यस नार्पा भूमि गाउँपालिकामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको प्रचलित ऐन, नियम अनुसार पाउदै आएको सेवा सुविधामा फरक नपर्ने गरी करार सेवा थप गर्ने निर्णय गरियो ।

**तपसिल**

## कर्मचारीको विवरण

| क्र.स. | नाम थर | पद |
|---|---|---|
| १ | उज्वल बास्तोला | सूचना प्रविधि अधिकृत |
| २ | बिरेन्द्र सिंह बोहरा | एम.आई.एस.अपरेटर |
| ३ | चोकी डोल्कर लामा | रोजगार संयोजक |
| ४ | विकास वावु वराम | ना.प्र.स्वा.प्रा. |
| ५ | सुनिता राना | ना.प.से.प्रा. |
| ६ | तेज प्रसाद शर्मा | अ.हे.व |
| ७ | छेवाङ बुटी लामा | अ.हे.व |
| ८ | छेवाङ बुटी लामा | अ.हे.व |
| ९ | रन्जना चनारा | उद्यम विकास सहजकर्ता |
| १० | राजु गुरुङ | फिल्ड सहायक |
| ११ | उत्तम कुसवार | हेवी इक्युपमेन्ट सहचालक |
| १२ | रोशन योन्जन | सवारी चालक |
| १३ | छविलाल खत्रि | कार्यालय सहयोगी |
| १५ | पेम्बा क्षोमा लामा | कार्यालय सहयोगी |
| १६ | खण्डो कर्साङ लामा | कार्यालय सहयोगी |
| १७ | फुन्चो ठिलेक लामा | कार्यालय सहयोगी |
| १८ | बिरेन्द्र बहादुर शाही | कार्यालय सहयोगी |
| १९ | तान्जेन पाल्मा लामा | कार्यालय सहयोगी |
| २० | टसी खण्डो लामा | कार्यालय सहयोगी |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ उपर दफावार छलफल गर्दा यस नार्पा भूमि गाउँपालिकामा यातायात वापत सवारी साधनको रुपमा आ.व. २०७५।०७६ मा ७ वटा घोडा खरिद गरिएकाले उक्त घोडा मध्ये ३ वटा घोडाको मृत्यु भईसकेको र बाँकी रहेका ४ वटा घोडा तपसिल बमोजिकामा पदाधिकारीहरुसँग रहेका हुँनाले यस गाउँपालिकाका उपाध्यक्ष **श्री मेङ्मर फून्चो लामा** ले घोडा प्रयोग नगरेको हुदाँ उहाँको नाममा देखिएको आ.व. २०७९।८० दोहोरो यातायात सुविधा वापतको बेरुजु रकम फछ्र्यौट गर्ने व्यवस्थाका पूर्व उपाध्यक्ष श्री कोन्जो तेन्जीङ लामा ले बुझिलिएको घोडा मरेको भनी आएकाले घोडाको स्थानीय मुचुल्का बनाई महालेखा परिक्षकको कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम, थर | पद | घोडा वुझिलिएको संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | कोन्जो तेन्जीङ लामा | अध्यक्ष | १ | |
| २. | सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | १ | |
| ३ | फून्चो वाङ्ग्यल लामा | वडा अध्यक्ष वडा नं. २ | १ | |
| ४ | लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | १ | |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ उपर दफावार छलफल गर्दा गत आ.व. २०८०।८१ मा स्काभेटरमा क्षतिभई मर्मत कार्यका लागि राष्ट्रिय बीमा संस्थानमा दावी गरिएको रकम यस गाउँपालिकाको आ.व. समाप्त भए पश्चात मात्र पालिकाको खातामा जम्मा भएकाले उक्त रकम बीमा संस्थानवाट प्राप्त आधिकारीक बिलको प्रतिलिपिका आधारमा मर्मतमा खर्च भएको उक्त रकम मर्मत गर्ने फर्मलाइ भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ उपर दफावार छलफल गर्दा यस नार्पा भूमि गाउँपालिका अन्तर्गत वडा कार्यालयको सभाहल, स्वास्थ्य चौकी, नार आधारभूत विद्यालय र प्रहरी चौकीमा विद्युत वायरीङ कार्य भएकाले सम्झौता अनुसारको रकम रु. ५५०००।०० (अक्षरुपी: पचपन्न हजार मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ उपर दफावार छलफल गर्दा यस गाउँपालिकामा संचालन हुने प्राविधिक कार्य जस्तैः सोलार, बिजुलि, खानेपानी, इन्टरनेट आदि जस्ता प्राविधिक कार्य जडान तथा मर्मत गर्दा लाग्ने लागतको दर रेट निर्धारण गर्ने ।

आज मिति २०८१ भदौ ०९ गते आईतबार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा ज्यूको** अध्यक्षतामा बसेको बैठकको उपस्थिति तपसिल बमोजिम रह्यो ।

<u>तपसिल</u>

| क्र. सं. | नम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री भिमकान्त भण्डारी | सदस्य सचिव | |
| | अन्य उपस्थिति | | |
| १५ | लक्ष्मण गौली | ईन्जिनियर (सातौं) | |
| १६ | सोनाम छेटे घले | स्वास्थ्य संयोजक | |
| १७ | श्री खडक वोहरा | सहायक पाचौं (प्रशासन) | |
| १८ | श्री मिम व. सहकारी | खा.पा.स.टे | |
| १९ | श्री सुख वहादुर थापा मगर | प्र.सा.नि.(प्र.चौ.च्याँखु) | |

**प्रस्तावहरु:**

१. मिति २०८१।०४।०८ गतेको कार्यपालिका बैठकको कार्य प्रगति एवं समिक्षा सम्बन्धमा ।
२. वढुवा नियुक्ति अनुमोदन सम्बन्धमा ।
३. वडा २ र ४ को कार्यालय तथा स्वास्थ्य चौकी कार्यालय सञ्चालन सम्बन्धमा ।
४. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ईलाका संरक्षण कार्यालय मनाङ वाट सञ्चालन हुने योजनाको सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति २०८१।०४।०८ गते बसेको वैठक एवं विगतमा बसेका बैठकका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर छलफल गर्दा श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, गण्डकी प्रदेश, पोखराको मिति २०८१।०४।१४ च.नं. ८ को पत्रानुसार प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको बढुवा सूचना नं. ६०/२०८०-८१ (कार्यक्षमता), स्थानीय इन्जिनियरिङ सेवा/सिभिल समूह/निन्जिनियर/सातौ रिक्त ६ (छ) पदमा हुने बढुवाको लागि बढुवा समितिको मिति २०८१।०१।१८ को निर्णयानुसार भएको बढुवा सिफारिस सूचना उपर प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेशमा उजुरी परेकोमा आयोगको मिति २०८१।०४।११ को निर्णयानुसार उक्त बढुवा सिफारिसको निर्णय सदर हने गरी आयोगको च.नं.का. ०४ मिति २०८१।०४।११ मा लेखिआए बमोजिमको पत्रबाट यस नार्पा भूमि गाउँपालिकाको कार्यालयमा सिफारिस भई आउनुभएका **श्री लक्ष्मण गौली** लाई रिक्त स्थानीय इन्जिनियरिङ सेवा/सिभिल समूह/इन्जिनियर/सातौ तहमा गरिएको बढुवा नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा नार्पा भूमि गाउँपलिका वडा नं. २ मा रहेको मेता विद्यालयका दुई वटा भवन रहेकाले एउटा भवन वडा नं. २ को कार्यालय सञ्चालन गर्न र अर्को भवन मेता आधारभूत स्वास्थ्य इकाई सञ्चालन गर्न हस्तान्तरण गर्ने र वडा नं. ४ मा अवस्थित क्याङ आधारभूत विद्यालयलाई वडा नं. ४ को कार्यालय संचालन गर्न वडा कार्यालय ४ को नाममा हस्तान्तरण गरी वडा १ नार मा रहेको संयुक्त वडा कार्यालय २ लाई मेता र वडा नं. ५ मा रहेको संयुक्त वडा कार्यालय ४ लाई क्याङवाट संचालन गर्न आवश्यक प्रबन्ध गर्ने निर्णय गरियो ।

तिमकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ४

निर्णय नं. ४ उपर दफावार छलफल गर्दा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ईलाका संरक्षण कार्यालयको प.सं. २०८०।०८१, च.नं. ३४, मिति २०८१।०४।२७ गतेको पत्रानुसर यस आर्थिक वर्षमा इलाका संरक्षण कार्यालयवाट यस कार्यालयको समन्वयमा सञ्चालन हुने पालिका भित्रका पर्यटकीय पदमार्ग निर्माण मर्मत सम्भार एबम् स्तारोन्नति गर्ने कार्य गर्न रु. ८०००००।०० (अक्षरुपी : आठ आख मात्र) विनियोजन भएको व्यहोरा अवगत भयो उक्त निर्माण कार्यगर्न यस नार्पा भूमि गाउँपलिकाको वडा नं. ५ मा रहेको प्राचिन फू गाउँको संरक्षण, मर्मत, स्तरोन्नति तथा भित्रिवाटोमा छपनी निर्माण गर्ने निर्णय गरियो ।

आज मिति २०८१ असोज १६ गते बुधबार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा ज्यूको** अध्यक्षतामा बसेको बैठकको उपस्थिति तपसिल बमोजिम रहृयो ।

**तपसिल**

| क्र. सं. | नम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री कर्म धोर्जे लामा | वडा अध्यक्ष वडा नं. ५(का.वा.) | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | **अन्य उपस्थिति** | | |
| १५ | लक्ष्मण गौली | इन्जिनियर (सातौं) | |
| १६ | महेश पाखिन | कृषि अधिकृत(छैठौं) | |
| १७ | खडक बोहरा | सहायक पाचौं (प्रशासन) | |
| १८ | बीरेन्द्र सिं बोहरा | एम.आई.एस.अपरेटर | |
| १९ | हरिहर खड्का | सव.ई. | |

**प्रस्तावहरु**

१. मिति २०८१।०५।०९ गतेको कार्यपालिका बैठकको कार्य प्रगति एवं समिक्षा सम्बन्धमा ।
२. विधुतीय बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।
३. योजनाको नामको त्रुटी सच्याउने तथा सञ्चालन सम्बन्धमा ।
४.खच्चर प्रवेश शुल्क उठाउने सम्बन्धमा ।
५. थाङ्का Art को दररेट सम्बन्धमा ।
६. किसान सूचीकरण सहमतिको निर्णय अनुमोदन सम्बन्धमा ।
७. प्रहरी चौकीलाई विपद उद्दार सामाग्री हस्तान्तरण गर्ने सम्बन्धमा ।
८. प्रहरी चौकी च्याँखु र मेताको लागि दशैं पुजा सामाग्री उपलब्ध गराउने सम्बन्धमा ।
९. झोलुङ्गे पुलको अपुग रकम माग सम्बन्धमा ।
१०. नेपाल बैंकको कारोवार बन्द गर्ने सम्बन्धमा ।
११. कार्यपालिकाको विभिन्न समिति गठन गर्ने सम्बन्धमा ।
१२. एक लाख बिरुवा वृक्षारोपण गर्ने सम्बन्धमा ।
१३. Injection Tranexamic Acid, Injection Polybion र Crepe Bandage खरिद गर्ने सम्बन्धमा (Bleeding Control गर्ने) ।
१४. वास फोकल र गणकको नामावली पठाउने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति २०८१।०४।०८ गते बसेको बैठक एवं विगतमा बसेका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

निर्णय नं. २ उपर दफावार छलफल गर्दा संघीय विशेष अनुदान अर्न्तगत वागल खोलामा RCC तटवन्ध निर्माण र प्रदेश समपुरक अनुदान अर्न्तगत नागढुङ्गा-ओढार सडक निर्माण गर्न प्रचलित ऐन, नियमको अधिनमा रही विधुतीय बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

निर्णय नं. ३ उपर दफावार छलफल गर्दा आ.व. २०८१।०८२ मा पर्यटन तथा उद्योग कार्यालय चामे मनाङ वाट सञ्चालन हुने, यस नार्पा भूमि गाउँपालिका वडा नं. ४ मा परेको योजनाको नाम डोना तालमा पूर्वाधार निर्माण रहेकोमा योजनाको नाममा केही त्रुटी भएकोमा त्रुटी सच्याई डुना तालमा पूर्वाधार निर्माण योजनाको नाम कायम गरी उक्त ताल पांरे जिम्बु खर्क र हिमलुङ हिमाल व्यसक्याम्पको ग्यलेसियरमा रहेको र पर्यटकीय दृष्टिकोणले पनी महत्वपूर्ण रहेकाले आवश्यक पूर्वाधार निर्माणको लागि **पर्यटन तथा उद्योग कार्यालय कार्यालय चामे**

मनाङलाई पत्राचार गर्ने र वडा नं. ३ अन्तर्गत वडा स्तरीय **च्याँखु View Point निर्माण** (बजेट रकम अक्षरुपी : सात लाख मात्र) योजनाको नाम परिवर्तन गरी **"च्याँखु View Point जाने बाटो निर्माण"** नाम राख्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

निर्णय नं. ४ उपर दफावार छलफल गर्दा यस नार्पा भूमि गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम यस गाउँपालिकामा खच्चर ढुवानी गरेवापत प्रवेश शुल्क लिने व्यवस्था भए बमोजिम ऐनले तोकेको प्रवेश शुल्क नियमित रुपमा खच्चर ढुवानी गर्नेले प्रतिखच्चर बार्षिक रुपमा रु. १०००।०० र आकस्मिक रुपमा खच्चर ढुवानी गर्नेले प्रति खच्चर वार्षिक रु ५००।०० का दरले वडा नं. २ स्थित मेता प्रहरी चौकीसँग साझेदारी गरी चौकीमा प्रवेश शुल्क बुझाउने व्यवस्था गर्ने र उक्त शुल्कको १० प्रतिशत रकम मेता प्रहरी चौकिलाई उठाए वापत प्रोत्साहन वापत दिने र बाँकी (९० प्रतिशत) रकम गाउँपालिकाको संचित कोषमा जम्मा गर्न लगाउने र कोही कसैले अनधिकृत रुपमा गाउँपालिका भित्र प्रवेश गरि मालसामान ढुवानी गरेको पाईएमा कानून सम्मत कारबाही प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

निर्णय नं. ५ उपर छलफल गर्दा अन्य स्थानीय तहहरुले तय गरेको दररेट अध्ययन गरी थाङ्का Art को दररेट बनाई कार्त्तिक महिनाको कार्यपालिकाको बैंठकमा पेश गर्ने गरि प्राविधिक शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

निर्णय नं. ६ उपर छलफल गर्दा किसान सूचिकरण कार्यक्रमको सहमतिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

निर्णय नं. ७ उपर दफावार छलफल गर्दा गत आ.व. २०८०।०८१ मा खरिद भएको विपद समाग्रीहरु **प्रहरी चौकी च्याँखु** र **प्रहरी चौकी मेतालाई** मिति २०८१।०६।१४ गतेका दिन हस्तान्तरण कार्य सम्पन्न भईसकेको हुदाँ उक्त कार्य सर्व सम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

निर्णय नं. ८ उपर दफावार छलफल गर्दा प्रहरी चौकी च्याँखुको मिति २०८१।०६।१३ गतेको निवेदन अनुसार आउदै गरेको विजया दशमी तथा दुर्गा पूजाको व्यवस्थापनका लागि पूजा सामाग्री माग भई आएको हुदाँ उक्त सामाग्री खरिद गर्न प्रहरी चौकी च्याँखु र प्रहरी चौकी मेतालाई कमश रु. २५०००।०० (अक्षेरुपी : पच्चिस हजार मात्र) रु. २००००।०० (अक्षेरुपी : बीस हजार मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

निर्णय नं. ९ उपर दफावार छलफल गर्दा संघीय सरकार शसर्त अनुदान अन्तर्गत आ.व. २०७९।०८० देखी संचालित **धो कुलुङ झो.पु., रिङचिङ चि ट्रस र वागल झो.पु.** निर्माणको कुल स्वीकृत लागत अनुमान ३३६३४८९१।७० रहेकोमा योजनालाई दिनु पर्ने संघीय सरकार शसर्त अनुदान कुल रु. २८५८९६३७९५ मध्ये रु ९९३३७८६।०० प्राप्त भई खर्च भएकोमा चालु आ.व. २०८१।०८२ मा विनियोजन भएको रु १०००००।०० घटाई बाँकी हुन आउने रु १७६५५८५१।९५ रकम निकास गरिदिनहुन सम्बन्धित निकायमा लाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

निर्णय नं. १० उपर दफावार छलफल गर्दा अत्याधिक चिसोका कारण बस्न नसकिने हुदाँ मिति २०८१ मंसिर १६ देखी चैत्र १५ सम्म नेपाल बैंक लि. नारफू शाखाको कारोबारलाई बन्द गर्नका लागि बिदा दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

निर्णय नं. ११ उपर छलफल गर्दा गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को दफा १५ बमोजिम कार्यपालिकाको समिति र आवश्यकता अनुसार अन्य समितिहरु गठन गर्ने गरियो ।

**निर्णय नं. १२**

निर्णय नं. १२ उपर छलफल गर्दा आ.व. २०८१।८२ को बजेट कार्यक्रम अनुसार गाउँपालिका गौरवका योजना अन्तर्गतको १ लाख वृक्षारोपण अभियान बहुबर्षीय योजना अन्तर्गत चालु आ.व. २०८१।८२ मा नर्सरी संरचना निर्माण तथा नर्सरी व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

निर्णय नं. १३ उपर छलफल गर्दा Injection Tranexamic Acid, Injection Polybion र Crepe Bandage (Bleeding Control गर्ने) खरिद गर्न पाउने नपाउने बारेमा स्वास्थ्य विभागसँग समन्वय गरी गाउँपालिकाको स्वास्थ्य शाखावाट खरिद गर्ने निर्णय गरियो ।

## निर्णय नं. १४

निर्णय नं. १४ उपर छलफल गर्दा **श्री उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, पोखराको** मिति २०८१।०६।१३ गतेको पत्रानुसार सो सम्बन्धमा यस गाउँपालिकावाट स्थानीय स्तरको खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार गर्ने उद्देश्यका लागि यस कार्यालयवाट तपसिलका कर्मचारीहरुलाई फोकल पर्सन र गणकको जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिल**

| क.सं. | नाम, थर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | लक्ष्मण गौली | इन्जिनियर | फोकल पर्सन |
| २ | नर्जित रावल | अ.सव-इन्जिनियर | गणक |
| ३ | राजु गुरुङ | फिल्ड सहायक | गणक |

आज मिति २०८१ कार्तिक १४ गते बुधबार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा ज्यूको** अध्यक्षतामा बसेको बैठकको उपस्थिति तपसिल बमोजिम रहयो ।

**तपसिल**

| क्र. सं. | नम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री कर्म धोर्जे लामा | वडा अध्यक्ष वडा नं. ५(का.वा.) | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | **अन्य उपस्थिति** | | |
| १५ | लक्ष्मण गौली | इन्जिनियर (सातौं) | |
| १६ | खडक बोहरा | सहायक पाचौं (प्रशासन) | |
| १७ | मनिषा वि.क. | क. अपरेटर | |
| १८ | बीरेन्द्र सिं बोहरा | एम.आई.एस.अपरेटर | |

**प्रस्तावहरु :**

१. मिति २०८१।०६।१६ गतेको कार्यपालिका बैठकको कार्य प्रगति एवं समिक्षा सम्बन्धमा ।

२. थाङ्का दर रेट अनुमोदन गर्ने सम्बन्धमा ।

३. तपसिल वमोजिमका विषयगत समितिहरु गठन गर्ने ।

- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति
- राजश्व परामर्श समिति
- लेखा समिति
- विधेयक समिति
- सुशासन समिति
- न्यायिक समिति
- स्थानीय भाषा, संस्कृति र ललितकला संरक्षण तथा विकास समिति

४. संचार सुविधा सम्बन्धी कार्यविधि, २०८१ पेश गर्ने सम्बन्धमा ।

५. झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।

६. सडक वोर्डवाट विनियोजित १० लाखको मर्मत सम्भार सम्बन्धमा ।

७. संचार खर्च समर्थन सम्बन्धमा मिति २०८१।०४।०१ देखी कार्तिक सम्म ।

८. विद्युत वायरीङको भुक्तानी गर्ने सम्बन्धमा ।

९. जिन्सी व्यवस्थापन सम्बन्धमा ।

१०. नार्पा लोसार कप सम्बन्धमा ।

११. हिमालहरु आरोहण खुला गर्नका लागि प्रस्ताव गर्ने सम्बन्धमा ।

१२. कृषि तथा पशु विकास कार्यक्रम संञ्चालन कार्यविधि, २०८१ सम्बन्धमा

१३. जनप्रतिनिधि भ्रमण सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति २०८१।०६।१६ गते बसेको बैठक एवं विगतमा बसेका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

प्रश्ताव नं. २ उपर छलफल गर्दा मिति २०८१।०६।२१ गते प्राविधिक शाखाबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम तयार भएको थाङ्का आर्ट कार्यको नक्सा स्वीकृत नर्म्स स्वीकृत गर्ने र जिल्ला दररेटमा समावेश गर्न जिल्ला प्रशासन कार्यालय, जिल्ला दररेट समिति मनाङमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रश्ताव नं. ३ उपर छलफल गर्दा प्रचलित ऐन, नियमको अधिनमा रही गाउँपालिकाको कामकार्वाहीलाई सरल, सहज र पारदर्शी रुपमा सञ्चालन गर्न तपसिल बमोजिमका पदाधिकारी सहित विषयगत समिति गठन गर्ने निर्णय गरियो ।

नार्पा भूमि गाउँपालिकाको
गाउँ कार्यपालिकाको कार्यालय
च्याँचे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

## तपसिल

### स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति :

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | संयोजक | ९८६९१२३७४३ |
| २ | श्री मेङ्मर फून्चो लामा | सदस्य | ९८४६७८६८१२ |
| ३ | श्री फूर्पा ठेले लामा | सदस्य | ९८४३२०५०९३ |
| ४ | श्री फून्चो वाङगे लामा | सदस्य | ९८४६७८६०४६ |
| ५ | श्री कर्म ग्यान्जे लामा | सदस्य | ९८५१००९०७४ |
| ६ | श्री सोनाम तेजे लामा | सदस्य | ९८४०२९००९८ |
| ७ | श्री शुशिल लम्साल | सदस्य सचिव | ९८५६०३२१७१ |

### राजश्व परामर्श समिति :

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री मेङ्मर फून्चो लामा | संयोजक | ९८४६७८६८१२ |
| २ | श्री शुशिल लम्साल | सदस्य | ९८५६०३२१७१ |
| ३ | श्री लाक्पा वुटी लामा | सदस्य | ९८४६७८६९०४ |
| ४ | श्री संगी फूर्पा लामा | सदस्य | ९८६९२४२५८२ |
| ५ | श्री पेम्बा फून्चो लामा | सदस्य | ९८४०१९९८१३ |
| ६ | श्री रुपा वली के.सी. | सदस्य सचिव | ९८६६८७०७२६ |

### लेखा समिति

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री छ्यो सोनाम लामा | संयोजक | ९८४९९४५६१४ |
| २ | श्री डोल्मा छिरिङ लामा | सदस्य | ९८४३२९२५८६ |
| ३ | श्री रिन्जेन ढोल्मा लामा | सदस्य | ९८४६७८६२४२ |
| ४ | श्री रुपा ओली के.सी. | सदस्य सचिव | ९८६६८७०७२६ |

### सुशासन समिति

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री फूर्पा याङजेन लामा | संयोजक | ९८६०७७०५४४ |
| २ | श्री संगी फूर्पा लामा | सदस्य | ९८६९२४२५८२ |
| ३ | कर्म छिरिङ लामा | सदस्य | ९८६३१८६९१६ |
| ४ | श्री खडक वोहरा | सदस्य सचिव | ९८६३५१९५४४ |

प्रमुख प्रशासकीय अधिकृत

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छ्याँक्, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**न्यायिक समिति**

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री मिङ्मर फून्चो लामा | संयोजक | ९८४६७८६८१२ |
| २ | श्री कर्मा ग्यान्जे लामा | सदस्य | ९८५१००९०७४ |
| ३ | श्री छिउदा गुरुङ | सदस्य | ९८४६२२९९१६ |
| ४ | श्री मनिषा वि.क. | सदस्य सचिव | ९८४८४७५२२५ |

**विधेयक समिति**

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री कर्म झ्याम्याङ लामा | संयोजक | ९८४६१६२२३१ |
| २ | श्री कर्म धोर्जे लामा | सदस्य | ९८४४४७९१४६ |
| ३ | श्री डोल्मा छेन्चोम लामा | सदस्य | ९८४६७८६७०६ |
| ४ | श्री नारायण सिह साउद | सदस्य सचिव | ९७४५३४०४६९ |

**स्थानीय भाषा, संस्कृति र ललितकला संरक्षण तथा विकास समिति**

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री मेङ्मर फून्चो लामा | संयोजक | ९८४६७८६८१२ |
| २ | श्री रिन्जेन डोल्मा लामा | सदस्य | ९८४६७८६२४२ |
| ३ | श्री लाक्पा छेवाङ लामा | सदस्य | ९८४१०९०२७६ |
| ४ | श्री छिउदा गुरुङ | सदस्य | ९८४६२२९९१६ |
| ५ | श्री कर्मा लोप्साङ लामा | सदस्य | ९८४१४६०१४० |
| ६ | श्री छिरिङ ग्यान्जे लमा | सदस्य | ९८४६८०६२२५ |
| ७ | श्री साङ्गे धोर्जे लामा | सदस्य | |
| ८ | श्री नारायण सिह साउद | सदस्य सचिव | ९७४५३४०४६९ |

**उल्लेखित समितिहरु नगर सभामा अनुमोदनका लागि पेश गर्ने ।**

**निर्णय नं.४**

प्रश्ताव नं. ४ उपर छलफल गर्दा सूचना तथा प्रविधि शाखावाट संचार सुविधा सम्बन्धी कार्यविधि, २०८१ (मस्यौदा) पेश भएकाले उक्त कार्यविधि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रश्ताव नं. ५ उपर छलफल गर्दा श्री स्थानीय पूर्वाधार विभाग स्थानीय पुल शाखा श्रीमहल पुल्चोक ललितपुर को च.नं. ९५, मिति २०८१।०७।०८ गतेको पत्रानुसार तपसिल बमोजिमका झोलुङ्गे पुल प्रथमिकताका आधारमा माग गर्ने निणय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.सं. | पुलको नाम | कैफियत |
|---|---|---|
| १. | खाङ्चे खोला झो. पुल | |
| २ | महेन्द्र पुल ट्रस | |
| ३ | क्याङ खेचा खोला झो. पुल | |
| ४ | ले खोला झो.पु | |
| ५ | निम्बु खोला झो. पुल | |
| ६ | लोङरी झो.पु | |
| ७ | लोङो खोला झो.पु. | |
| ८ | छिम्ब्रा झो.पु | |
| ९ | काङला बेस ना खोला झो.पु | |
| १० | शाताङ ना खोला झो.पु. | |

**निर्णय नं. ६**

प्रश्ताव नं. ६ उपर छलफल गर्दा सडक वोर्डवाट विनियोजन भएको रु १०००००।०० उक्त रकमको एक चौथाई रकम लागत साझेदारी गरी नागढुङ्गा देखी धर्मशाला सम्मको सडकवाटो मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रश्ताव नं. ७ उपर छलफल गर्दा मिति २०८१ श्रावण देखी मिति २०८१ मंसिर ४ गतेसम्म भएको कर्मचारीको संचार खर्च सम्बन्धमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले कामको प्रकृतिको र कर्मचारीको कार्यसम्पादनको आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रश्ताव नं. ८ उपर छलफल गर्दा नार्पा भूमि गाउँपालिका वडा नं. १ मा रहेको विद्यालय तथा स्वास्थ्य चौकीमा आ.व. २०८०।८१ मा विद्युत वायरीङको कार्य भएको हुदाँ वडा कार्यालयका वडा सचिव, स्थास्थ्य चौकी प्रमुख र विद्यालयका प्र.अ. को सिफारिस अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रश्ताव नं. ९ उपर दफावार छलफल गर्दा गाउँपालिकावाट खरिद भएका वडा तथा अन्य मातहतका कार्यालमा प्रयोग भईरहेका खप्ने सामाग्रीहरु सम्बन्धित कार्यालयमा नै दाखिला गर्न लगाई गाउँपालिकाको मूल जिन्सी अभिलेखवाट लगत कट्टा गरी हस्तान्तरण गर्ने कार्य अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रश्ताव नं. १० उपर दफावार छलफल गर्दा यस नार्पा भूमि गाउँपालिकाको मुख्य चाड ल्होसार पर्वको अवसरमा विगतका वर्षहरुमा झै युवा क्लव द्वारा संञ्चालन हुने नार्पा लोसार कप सञ्चालन

प्रमुख प्रशासकीय अधिकृत

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छ्याँक्यु, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

तथा व्यवस्थापनका लागि रु १५००००।०० (अक्षरुपी : एक लाख पचास हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रश्ताव नं. ११ उपर दफावार छलफल गर्दा यस नार्पा भूमि गाउँपालिका भित्र पर्ने छ हजार मिटर भन्दा माथिका मुख्य मुख्य तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण हिमालहरुको सूचि तयारगरि आरोहण खुल्ला गर्न संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, पर्यटन विभाग र अन्य तालुक निकायलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रश्ताव नं. १२ उपर दफावार छलफल गर्दा यस नार्पा भूमि गाउँ कार्यपालिकाको मिति २०८१।०६।१६ गतेका दिन पेश भएको कृषि तथ पशु विकास कार्यक्रम संञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रश्ताव नं. १४ उपर दफावार छलफल गर्दा आ.व. २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार जनप्रतिनिधिको भ्रमण पुष महिना भित्र गर्ने र उक्त कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनको जिम्मावारी कर्मचारीका तर्फवाट सूचिना प्रविधि अधिकृत **श्री उज्वल वास्तोला** लाई दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१ मंसिर ०३ गते सोमबार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा ज्यूको** अध्यक्षतामा बसेको बैठकको उपस्थिति तपसिल बमोजिम रह्यो ।

**तपसिल**

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री कर्म धोर्जे लामा | वडा अध्यक्ष वडा नं. ५(का.वा.) | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | Phurpa |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | Pasang |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| **अन्य उपस्थिति** | | | |
| १५ | श्री लक्ष्मण गौली | इन्जिनियर (सातौं) | |
| १६ | श्री खडक बोहरा | सहायक पाचौं (प्रशासन) | |
| १७ | श्री बीरेन्द्र सिं बोहरा | एम.आई.एस.अपरेटर | |
| १८ | श्री सुख वहादुर थापा मगर | प्र.सा.नि.(प्र.चौ.च्याँखु) | |

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँख्, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७२

**प्रस्तावहरु :**

१. मिति २०८१।०७।१४ गतेको कार्यपालिका बैठकको कार्य प्रगति एवं समिक्षा सम्बन्धमा ।

२. तपसिल वमोजिमका विषयगत समितिहरु गठन गर्ने सम्बन्धमा ।

- वातावरण तथा विपद् व्यवस्थापन समिति
- आर्थिक विकास समिति
- सामाजिक विकास समिति
- पूर्वाधार विकास समिति
- सार्वजनिक सेवा तथा क्षमता विकास समिति
- अनुगमन तथा सुपरिवेक्षण समिति

३. फुटवल खेलाडीहरुको खर्च स्वीकृत गर्ने सम्बन्धमा ।

४. प्रथम चौमासिक प्रगती सम्बन्धमा ।

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव सम्बन्धमा ।

६. आ.व. २०८०।८१ को म.ले.प. को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति २०८१।०७।१४ गते बसेको बैठक एवं विगतमा बसेका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

प्रश्ताव नं. २ उपर छलफल गर्दा प्रचलित ऐन, नियमको अधिनमा रही गाउँपालिकाको कामकार्वाहीलाई सरल, सहज र पारदर्शी रुपमा सञ्चालन गर्न तपसिल बमोजिमका पदाधिकारी सहित विषयगत समिति गठन गर्ने निर्णय गरियो ।

१. **वातावरण तथा विपद व्यवस्थापन समिति :**

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री फूर्पा ठेले लामा | संयोजक | ९८४३२०५०९३ |
| २ | श्री संगि फूर्पा लामा | सदस्य | ९८६९२४२५८२ |
| ३ | श्री सम्सुङ ङिमा लामा | सदस्य | ९८४६८४९९४२ |
| ४ | श्री खडक बोहरा | सदस्य सचिव | ९८६३५१९५४४ |

प्रमुख प्रशासकीय अधिकृत

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

२. आर्थिक विकास समिति

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री फूर्पा ठेले लामा | संयोजक | ९८४३२०५०९३ |
| २ | श्री संगि फूर्पा लामा | सदस्य | ९८६९२४२५८२ |
| ३ | श्री सम्सुङ डिमा लामा | सदस्य | ९८४६८४९९४२ |
| ४ | श्री रुपा वली के.ली. | सदस्य सचिव | ९८६३५१९५४४ |

३. सामाजिक विकास समिति :

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री फून्चो वाङगे लामा | संयोजक | ९८४६७८६०४६ |
| २ | श्री छिउदा गुरुङ | सदस्य | ९८४६२२९९१६ |
| ३ | श्री डोल्मा छिरिङ लामा | सदस्य | ९८४३२९२५८६ |
| ४ | श्री सोनाम छेटे लामा | सदस्य सचिव | ९८६४४९१९०५ |

४.पुर्वाधार विकास समिति

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री सोनाम तेजे लामा | संयोजक | ९८४०२९००९८ |
| २ | श्री डोल्मा छेन्चोम लामा | सदस्य | ९८४६७८६७०६ |
| ३ | श्री कर्मा धार्जे लामा | सदस्य | ९८४४४७९१४६ |
| ४ | श्री लक्ष्मण गौली | सदस्य सचिव | ९८५६०४९०६१ |

प्रमुख प्रशासकीय अधिकृत

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँचु, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

५. सार्वजनिक सेवा तथा क्षमता विकास समिति

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री लाक्पा छेवाङ लामा | संयोजक | ९८४१०९०२७६ |
| २ | श्री छ्यो सोनाम लामा | सदस्य | ९८४९९४५६१४ |
| ३ | श्री लाम्पा वुटी लामा | सदस्य | ९८४६७८६९०४ |
| ४ | श्री खडक वोहरा | सदस्य सचिव | ९८६३५१९५४४ |

६. अनुगमन तथा सुपरीवेक्षण समिति

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री मेङमर फून्चो लामा | संयोजक | ९८४६७८६८१२ |
| २ | श्री कर्मा ग्यान्जे लामा | सदस्य | ९८५१००९०७४ |
| ३ | श्री डोल्मा छिरिङ लामा | सदस्य | ९८४३२९२५८६ |
| ४ | श्री शुशिल लाम्साल | सदस्य | ९८५६०३२१७१ |
| ५ | श्री उज्वल वास्तोला | सदस्य सचिव | ९८४६७०७३८५ |

**निर्णय नं. ३**

प्रश्ताव नं. ३ उपर छलफल गर्दा मनाङ जिल्ला फुटवल संघले मिति २०८१।०७।२४ गते देखी २०८१।०७।२६ गते सम्म आयोजना गरेको अन्तर पालिका स्तरीय फुटवल प्रतियोगितामा यस गाउँपलिकावाट सहभागि टिम रियल नार्पा युवा समूह वाट रु. १३०७४० (अक्षरुपी : एक लाख तिस हजार सात सय चालिस मात्र) को विल पेश भएकाले उक्त रकम भुक्तानी लागि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रश्ताव नं. ४ उपर छलफल गर्दा आ.व.२०८१।८२ को प्रथम चौमासिक खर्च प्रगति प्रतिवेदनलाई अनुमोदन गरियो ।

**निर्णय नं. ५**

प्रश्ताव नं. ५ उपर छलफल गर्दा अ.दु.अ.आ. वाट समय समयमा प्राप्त सुझावहरुलाई अक्षरंश पालना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रश्ताव नं. ५ उपर छलफल गर्दा आ.व.२०८०।८१ को म.ले.प प्रारम्भिक प्रतिवेदनमा औंलाएका बेरुजुहरु तदारुकताका साथ फछ्यौंट गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१ पुष २८ गते आईतबार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा ज्यूको** अध्यक्षतामा बसेको बैठकको उपस्थिति तपसिल बमोजिम रह्यो ।

**<u>तपसिल</u>**

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | **अन्य उपस्थिति** | | |
| १५ | श्री लक्ष्मण गौली | इन्जिनियर (सातौं) | |
| १६ | श्री खडक बोहरा | सहायक पाचौं (प्रशासन) | |
| १७ | श्रीरुपा ~~के.सी.~~ वली के सी· | लेखापाल | |
| १८ | श्री बीरेन्द्र सिं बोहरा | एम.आई.एस.अपरेटर | |
| १९ | श्री दिपेन्द्र शाही | वडा सचिव | |
| २० | श्री गिता बुढा | स.म.वि.नि. | |

प्रस्तावहरु :

१. मिति २०८१।०८।०३ गतेको गाउँ कार्यपालिका बैठकको कार्य प्रगति एवं समिक्षा सम्बन्धमा ।

२. गाउँपालिकाको संस्थागत क्षमता तथा स्वमूल्याङ्कनको नतिजा सम्वन्धमा ।

३. कार्यविधि, मापदण्ड, निर्देशिका तथा दर रेट सम्बन्धमा ।

४. **मनाङ मर्स्याङ्दी जलविधुत आयोजनासंग** CSP (community support Project) सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति २०८१।०७।१४ गते बसेको बैठक एवं विगतमा बसेका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

स्थानीय तहको कार्य प्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमजोरीहरुको जानकारी लिन, आवधिक समिक्षाको लागि आधार प्राप्त गर्न र गाँउपालिका तथा नगरपालिकाहरुको बिचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको लागि विभिन्न विषयक्षेत्रहरु निर्धारण गरेको छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधी अनुसार यस नार्पा भूमि गाँउपालिकाले आ.व. २०८०/०८१ मा सम्पादन गरेका कार्यहरुको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराईएको सूचना प्रविधिमा आधारित ढाँचा अनुसार स्वमूल्याङकन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन तथा उक्त नतिजा कार्यालयको वेभसाईट तथा सूचना पार्टि मार्फत सार्वजनिक गर्ने साथै उक्त नतिजा जिल्ला समन्वय समिति, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखरा र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | स्वमूल्याङकनका विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ८८.८९% | |
| २ | संगठन तथा प्रशासन | ८ | १००% | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ९०.९१% | |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | १००% | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सेवा प्रवाह | १६ | ७१.८८% | |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | १००% | |
| ७ | भौतिक पूर्वाधार | १३ | ५७.६९% | |
| ८ | सामाजिक समावेशीकरण | १० | ०% | |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | २७.७८% | |
| १० | सहकार्य र समन्वय | ६ | ८.३३% | |
| | **कुल जम्मा प्राप्ताङ्क** | **१००** | | |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा गाउँपालिकाको समग्र कामकाजलाई सरल, सहज, पारदर्शी, प्रभावकारी, नियम संगत सञ्चालन गरि गाउँपालिकाको लक्ष्य तथा उदेश्य प्राप्त गर्न तपसिलका ऐन, कार्यविधि, मापदण्ड तथा निर्देशिका देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | विवरण | निर्णय |
|---|---|---|
| १ | सार्वजनिक सेवा प्रवाह मापदण्ड, २०८१ | पारित |
| २ | साना तथा लघु जलविधुत परियोजना संचालन ऐन, २०८१ | गाउँसभामा पेश गर्ने |
| ३ | कामदारको दैनिक ज्यालादर तथा ढुवानी दररेट | गाउँसभामा पेश गर्ने |
| ४ | आन्तरिक नियन्त्रण प्रणली निर्देशिका, २०८१ | पारित |
| ५ | घर नक्शा पास सम्बन्धी मापदण्ड, २०८१ | विद्यायन समितिमा पेश |
| ७ | विज्ञ तथा सल्लाहकार नियुक्ति सम्बन्धी कार्यविधि, २०८१ | पारित |
| ८ | कर्मचारी सम्मान तथा पुरस्कार सम्बन्धी कार्यविधि, २०८१ | पारित |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस चामे गाउँपालिका स्थित वडा नं. ३ मा निर्माणाधीन **मनाङ मर्स्याङ्दी जलविधुत आयोजनासंग** CSP (community support Project) र १०% प्रभावित शेयरको सम्बन्धमा जिल्लाका सबै स्थानीय तहलाई समावेश गर्नुपर्ने र सवैले समान रुपमा प्राप्त गर्नुपर्ने सम्बन्धमा छलफल अगाडी बढाउने निर्णय गरियो ।